Vol. 10, No. 1, 2024 (March) 86-94
**The Journal of Knowledge and Innovation**
ISSN 2350-8884 (Print)

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# पर्खालभित्र र बाहिर उपन्यासमा पारिजातको वैचारिकता

**बालाकृष्ण अधिकारी**
उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

Email: adbalakrishna2036@gmail.com

## लेखसार

प्रस्तुत लेखमा 'पर्खालभित्र र बाहिर' उपन्यासमा अभिव्यक्त पारिजातको वैचारिकताको विश्लेषण र संश्लेषण गरिएको छ । यसमा पुस्तकालयीय कार्यबाट सङ्कलित सामग्रीलाई गुणात्मक विधिबाट संश्लेषण गरिएका वैचारिकताका विविध आयामका आधारमा विश्लेषण गरी निष्कर्षसम्म पुगिएको छ । नेपाली नारीलेखनका साथै विश्वसाहित्यमै नारीलेखनमा एउटी अब्बल र सिद्धहस्त साहित्यकारका रूपमा स्थापित पारिजातका दशओटा औपन्यासिक कृतिमा प्रयुक्त वैचारिकताको संयोजनकारी कृतिका रूपमा 'पर्खालभित्र र बाहिर' उपन्यास रहेको देखिन्छ । प्रगतिवाद यस उपन्यासको मूलभूत वैचारिकता हो । यसमा मार्क्सवादसम्बद्ध वैचारिक तथा दार्शनिक चेतनालाई सिर्जनात्मक रूपले प्रयोग गरिएको छ । प्रथम पुरुष भोक्ता तथा द्रष्टा 'म' (रमेश) को कथावाचनमा प्रस्तुत भएको यस उपन्यासले नेपालको इतिहासको २०३४/२०३५ सालको पञ्चायतकालीन परिवेशलाई यथार्थपरक ढङ्गले चित्रण गरेको छ । मजदुरहरूको रगत–पसिना शोषण गरेर धनी र सुखी बन्ने तथा क्रान्तिका नाममा नक्कली क्रान्ति गर्दै सत्तासँग घाँटी जोडेर क्रान्तिप्रति बेइमानी गर्ने कथित क्रान्तिकारीका विरुद्ध यस उपन्यासमा तीव्र आक्रोश र विरोध व्यक्त गरिएको छ । श्रमशोषणको अन्त्य नभएसम्म समाजमा क्रान्ति चलिरहनेछ; एउटा पुस्ताले सो क्रान्ति सफल पार्न नसके पनि भावी पुस्ताले त्यो अवश्य सफल पार्नेछन् भन्ने गतिशील क्रान्तिचेतना प्रस्तुत उपन्यासको मूल सार हो । यस उपन्यासको सामान्यीकृत अध्ययन विश्लेषणका आधारमा पारिजातको औपन्यासिक व्यक्तित्वका वैचारिक अन्तर्वस्तुगत मूल पहिचानहरू- ऐतिहासिक भौतिकवादी पारिजात, नक्कली क्रान्ति र क्रान्तिकारीको विरोध, शोषणका विरुद्ध विद्रोह, वर्गचेत र निम्नवर्गीय पक्षधरता, धैर्यशील, समझयुक्त, सुझबुझपूर्ण र टिकाउ क्रान्तिचेत, विसङ्गतिवादका पृष्ठभूमिमा अस्तित्ववाद, समकालीनताबोध र सन्तुलित नारीचेतना रहेको निष्कर्ष प्राप्त भएको छ ।

**शब्दकुञ्जी:** ऐतिहासिक भौतिकवाद, क्रान्तिचेतना, वर्गचेतना, वर्गपक्षधरता, अस्तित्ववाद, सन्तुलित नारीवाद

**Article information**
Manuscript received: July 19, 2023; Revision received: November 27, 2023; Accepted: February 25, 2024
DOI https://doi.org/10.3126/jki.v10i1.69928
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

पारिजात (जीवनकाल : १९९०–२०५०) शारीरिक रूपले अस्वस्थ भए पनि जीवनपर्यन्त सिर्जनात्मक सुन्दरता पस्किएर आफ्नो भाषा, साहित्य र युगलाई विशिष्ट योगदान गर्ने संसारका थोरै साहित्यकारहरूमध्ये एक हुन् । उनी नेपाली साहित्यमा आफ्नो युगकी सर्वोच्च नारी प्रतिभा हुन् । उनले नेपाली साहित्यका उपन्यास, कथा, कविता, नाटक, बालगीत, निबन्ध-आत्मसंस्मरण आदि विधामा आफ्नो हस्तक्षेपकारी उपस्थिति जनाएर नेपाली साहित्यको उन्नति र विकासमा योगदान पुर्‍याएकी छन् । साहित्यलेखनमा अनेकन नवीन वस्तु र शिल्प प्रदान गर्न सफल उनी मूलतः आख्यानलेखनका क्षेत्रमा विश्वसाहित्यमा प्रसिद्धि कमाएकी विशिष्ट प्रतिभा हुन् । उनी अस्तित्ववादी–विसङ्गतिवादी-शून्यवादी, प्रगतिवादी र नारीचेतनाका कारण स्थापित र प्रशंसित स्रष्टा हुन् । उनी समस्त नेपाली नारी स्रष्टाकी अजस्र प्रेरणाकी स्रोत हुन् भने समग्र नेपाली साहित्य सिर्जनाकी एउटी अभूतपूर्व प्रतिभा हुन् । आफ्नो युगका विकृति र विसङ्गतिप्रति निर्भीक ढङ्गले विचारप्रवाह गर्न सक्ने खुबीकै कारण उनको समपुस्ता, वर्तमान पुस्ता र भावी पुस्ताका लागि समेत अनुकरणीय स्रष्टा बनेकी छन् । प्रस्तुत सन्दर्भमा उनका दशओटा उपन्यासमध्ये एक पर्खालभित्र र बाहिर (पहिलो प्रकाशन : २०३५) उपन्यासलाई मुख्य शोधभूगोल बनाएर त्यसमा निहित औपन्यासिक कलाचेतनाका सापेक्षमा अन्तर्वस्तुगत वैचारिकताको परख गरिएको छ । उक्त उपन्यासमा पारिजातको वैचारिकता केकस्तो छ र त्यो केकसरी अभिव्यक्त भएको छ भन्ने मूल प्राज्ञिक जिज्ञासाको समाधान गर्नु यस लेखको मूल उद्देश्य रहेको छ ।

## अध्ययनविधि

पुस्तकालयीय स्रोतबाट सङ्कलित आधारभूत र सन्दर्भपरक दुवै प्रकारका सामग्रीहरूको वर्गीकृत व्यवस्थापन गर्दै तिनको विश्लेषण र निष्कर्षण गर्ने अध्ययनविधि यस लेखमा अवलम्बन गरिएको छ । यसअनुसार विश्लेष्य उपन्यास (पहिलो संस्करण प्राप्त हुन नसकेकाले फिनिक्स बुक्सद्वारा प्रकाशित दोस्रो संस्करण, २०७३) लाई यस अध्ययनको मूल आधार सामग्रीका रूपमा उपयोग गरिएको छ । त्यस्तै यस उपन्याससम्बद्ध पूर्वाध्ययन, वैचारिकतासम्बन्धी सैद्धान्तिक विमर्शका सामग्रीहरू यस लेखका सन्दर्भसामग्री हुन् । सोद्देश्यमूलक ढङ्गले चयन गरिएका सामग्रीहरूबाट यस लेखको संरचनागत र विषयगत आकार प्रदान गर्न पुस्तकीय पठन प्रक्रिया अवलम्बन गरिएको छ ।

मूलतः प्रगतिवादी वैचारिक चेतना र अंशतः अस्तित्ववादी चेतनाको संश्लेषण गरी प्रस्तुत लेखका सामग्री विश्लेषणका मानदण्ड निर्धारण गरिएको छ । तसर्थ यस लेखमा सिद्धान्तको संश्लेषण गरी प्रयोगमा पुग्ने तथा प्रयोगको विश्लेषण गरी निष्कर्षमा पुग्ने मिश्रित अध्ययनविधिको उपयोग गरिएको छ । पारिजातको उपन्यासकारिताका बारेमा अध्ययन गरिएका पूर्वकार्यका साथै केही वैचारिक, अवधारणागत र सैद्धान्तिक कृतिसमेतलाई सन्दर्भसामग्रीका रूपमा उपयोग गरी गुणात्मक अध्ययनविधिबाट यो लेख तयार पारिएकाले छ ।

## नतिजा र विमर्श

विसङ्गतिवादी-शून्यवादी र अस्तित्ववादी प्रवृत्तियुक्त उपन्यास शिरिषको फूलबाट पारिजातको औपन्यासिक यात्रा आरम्भ भएको हो । यसै कृति र प्रवृत्तिले उनलाई नेपाली साहित्यकी सशक्त उपन्यासकारका रूपमा स्थापित गरायो र निजी स्तरबाट प्रदान गरिने सम्मानित पुरस्कार पनि दिलायो । हालसम्म उनका दशओटा उपन्यास प्रकाशित छन् । ती शिरीषको फूल (२०२२), महत्ताहीन (२०२५), बैंसको मान्छे (२०२९), तोरीबारी बाटा र सपनाहरू (२०३३), अन्तर्मुखी (२०३५), उसले रोजेको बाटो (२०३५), पर्खालभित्र र बाहिर (२०३५), अनिदो पहाडसँगै (२०३९), परिभाषित आँखाहरू (२०४६) र बोनी (२०४८) हुन् । उनका औपचारिक उपन्यास यात्राको लगभग मध्यबिन्दुमा यस उपन्यासको प्रकाशन भएको देखिन्छ । तुलनात्मक रूपमा कम चर्चा भए पनि पारिजातका विसङ्गतिवादी, अस्तित्ववादी, प्रगतिवादी, मनोविश्लेषणवादी, आलोचनात्मक यथार्थवादी, विद्रोही चेतना, आत्मपरक लेखनशिल्प, कवितात्मक भाषा आदि मुख्य प्रवृत्तिको संश्लेषण र समन्वय यस उपन्यासमा भएकाले यो पारिजातका उपन्यासलेखन प्रवृत्तिको संश्लेषणकारी प्रतिनिधिमूलक कृति हो ।

पारिजातका प्रकाशित दशओटा उपन्यासमध्ये पर्खालभित्र र बाहिर एक हो । यसको प्रकाशन मितिका बारेमा विद्वान् समालोचकहरूका बिचमा मतैक्य देखिँदैन । कसैले यसको प्रकाशन वर्ष वि.सं. २०३५ (हेर्नू. पौडेल, २०५१, पृ. १५३; घिमिरे र ज्ञवाली, २०५८, पृ. १३; शर्मा, २०६२, पृ. २८ आदि) मानिएको छ भने कसैले वि.सं. २०३४ (हेर्नू. बराल र एटम, २०६६, पृ. १८७) मानेका छन् । सन् १९७८ मा वाराणसीमा प्रकाशित भएको यसको पहिलो संस्करणको मितिलाई सन्बाट विक्रम सम्वत्मा परिवर्तन गर्दा यस्तो स्थिति भएको हुन सक्छ । बहुसङ्ख्यक समालोचकले यसको मिति २०३५ मानेकाले यसको प्रकाशन मिति त्यही नै हो भन्ने निष्कर्षमा पुग्नु उचित हुन्छ ।

प्रस्तुत उपन्यासमा मुख्य बाह्र अध्याय छन् । तीमध्ये पहिलोदेखि सातौँ अध्यायसम्ममा पर्खालभित्रको परिवेश, घटना र पात्रसँग उपन्यासको म पात्र रमेशले भोगेका परिस्थितिको चित्रण गरिएको छ भने आठौँदेखि एघारौँसम्म र बाह्रौँ अध्यायको अधिकांश भागसम्म पर्खालबाहिर अर्थात् जेलबाट मुक्त भइसकेपछिका अवस्था, घटनाक्रम र परिस्थितिको चित्रण गरिएको छ । जम्मा साढे तिन पृष्ठको बाह्रौँ अध्यायको अन्तिम पृष्ठ अर्थात् यस उपन्यासको अन्तिम पृष्ठमा प्रहरीले पुनः रमेशलाई पक्रेर पर्खालभित्रै लगेको र उन्मुक्त जीवन फेरि घेरामा परेको वर्णनसहित उपन्यास समाप्त भएको छ । जम्मा १२८ पृष्ठको आयाममा बिस्तारित यो उपन्यास तुलनात्मक रूपमा सानो आकारको छ । यो उपन्यास विशेषतः म पात्र वा रमेश भनिने रामबहादुरको भोगाइका केन्द्रबाट प्रस्तुत गरिएको छ र उसका जीवन भोगाइको यस यात्रामा ज्वाला, बाटुली, लाले, क्युरी लगायतका पात्रहरू विविध भूमिका र चरित्रका सहयात्री र साक्षी बनेर आएका छन् । यस उपन्यासको कथानक राजनीतिक सामाजिक विषयवस्तुमा आधारित छ र त्यसको विन्यासक्रम आदि, मध्य र अन्त्यको रेखीय संरचनामा रहेको छ ।

पर्खालभित्र र बाहिर मूलतः प्रगतिवादी धाराको उपन्यास हो । यसमा वर्गीय द्वन्द्व तथा क्रान्तिको सन्दर्भलाई प्रस्तुत गरिएको छ । नेपालको राजनीतिक इतिहासमा पञ्चायती शासन व्यवस्थाको चरम अनुदार अवस्थामा लेखिएको यस उपन्यासमा त्यसको प्रत्यक्ष झल्को प्रस्तुत गरिएको छ । पारिजातका प्रगतिवादी उपन्यासको सबैभन्दा उच्च उपलब्धि अनिँदो पहाडसँगै मानिने गरिएका भए पनि यो उपन्यास प्रगतिवादको सिर्जनात्मक प्रयोग सशक्त रूपमा गरिएको उपन्यास हो । यस सन्दर्भमा शरद पौडेल (२०५१, पृ. १५८) लेख्छन्— "कला पक्ष र विचार पक्षको सन्तुलनको निर्वाह जति कुशलतापूर्वक यस उपन्यासमा छ त्यो कौशल प्रगतिवादी भनिएको पछिल्लो उपन्यास 'अनिँदो पहाडसँगै' अन्तर्गत भने त्यस हदसम्म सफल पाइँदैन ।" पौडेलको यस भनाइमा सत्यता छ । त्यसैले यो प्रगतिवादी विचार र कलाको सन्तुलन मिलाएर लेखिएको उच्च कोटिको उपन्यास हो ।

प्रस्तुत उपन्यासमा पर्खालभित्र, पर्खालबाहिर र पुनः पर्खालभित्र गरी तीनओटा परिस्थितिको चित्रण गरिएको छ । ती परिस्थिति र तिनले लक्ष्यित गरेका मूल औपन्यासिक घटनाक्रम यस प्रकार छन् :

### परिस्थिति १ : पर्खालभित्र

• ज्वाला र रमेश दुबै आस्थाका बन्दीका रूपमा जेलभित्र रहनु,

• ज्वाला सत्ताको कुदृष्टि र आफ्नै साथीहरूका विश्वासघातले पर्खालभित्र परेको स्थिति,

• क्रान्तिचेतको तीव्रता र पर्खालभित्रै सड्नुपर्दा र निरपराध जेलमा थुनिनुपर्नाको कारण सोध्दा ज्वालालाई सत्ताका पहरेदारहरूले चरम यातना दिइरहनु,

• आफूले देखेका सपना अधुरा रहने तापले ज्वालामा हीनमानसिकताको विकास हुनु,

• आक्रोश र हीनताग्रन्थिले भरिएको ज्वालालाई रमेशले सुझबुझपूर्ण सम्झाए पनि ऊ आफै त्रस्त मनस्थितिमा पर्खालभित्र बस्न बाध्य हुनु,

• पुलिसद्वारा जेलमै ज्वालाको हत्या गरी र अकस्मात् हृदय गति बन्द भएर मृत्यु भएको प्रचार गरिनु

• एघार वर्ष लामो जेलजीवन भोगेर रमेश एक्लै जेल (पर्खाल) बाहिर आउनु ।

परिस्थिति २ : पर्खालबाहिर

• जेल भुक्तान गरेर एउटा आस्थाको बन्दी बाहिर निस्कँदा उसलाई लिन कोही पनि नआउनु र उसले आफूलाई एक्लो ठान्नु,

• रमेश र बाटुलीका गरिबीको विवशताको चित्रण हुनु,

• जागिरको आशा गरेर भूतपूर्व क्रान्तिकारी साथीको घरमा गएको रमेशले उसको विचार र सिद्धान्तप्रतिको नक्कलीपन तथा त्यसमा आएको स्खलनका बारेमा थाहा पाउनु,

• राजनीतिशास्त्रमा स्नातक गरेको रमेशले कुनै जागिर नपाएपछि सडक मजदुरका रूपमा चक्रपथ बनाउने काममा गैँती बेल्चा चलाउन थाल्नु र त्यहाँ सडक मजदुरहरूमाथि ठेकेदारको शोषण र मनोमानी भएको चाल पाउनु,

• इन्जिनियर, ठेकेदार, ओभरसियर, पुलिस आदि सबै शोषणका मतियार भएको ठहर भएपछि मजदुरलाई त्यसप्रति सजग र सचेत गराउनु,

• रमेशकै क्रान्तिचेतका प्रभावले ऊ लगायत क्युरी र लालेजस्ता सडक मजदुरहरूको श्रमशोषणका विरुद्ध विद्रोह गर्नु । परिस्थिति ३ : पर्खालबाहिर

• पढेको मान्छे भएर मजदुरी गरेको र लाटासुधा मजदुरलाई राजनीति सिकाएर भड्काएको आरोपमा रमेश पुनः पक्राउ पर्नु र उसँगै विद्रोही मजदुर क्युरी पनि पक्राउ पर्नु,

• क्युरी जस्ता अनपढ र सोझा मजदुर अनाहकमा रमेश (श्रमिक साथी) पक्राउ परेकामा अचम्मित हुनु,

• रमेशको उन्मुक्त जीवन फेरि घेरामा पर्दा आयतन साँघुरिएको भए पनि फेरि बाहिर आउने र लाले, बाटुली र क्युरीजस्ता मजदुरहरूका बलले क्रान्ति सम्भव बनाउने आशा रमेशमा जीवित रहनु ।

उपर्युक्त तीन परिस्थितिमा वर्णन गरिएका मूल घटनाक्रमले यस उपन्यासको कथ्यलाई प्रस्तुत गरेका छन् । यसका साथै यी परिस्थितिले यस उपन्यासको शीर्षक 'पर्खालभित्र र बाहिर' सार्थक बनेको छ । यस शीर्षकले कहिले पर्खालभित्र र कहिले पर्खालबाहिर भन्ने भावार्थ अभिव्यक्त गरेको छ ।

## पर्खालभित्र र बाहिर उपन्यासमा पारिजातको वैचारिकताका विविध प्रतिरूप

पर्खालभित्र र बाहिर मूलतः प्रगतिवादी उपन्यास हो । प्रगतिवादी उपन्यासकारका रूपमा पारिजात यस उपन्यासमा विद्रोही चेतनाको प्रखरता, द्वन्द्वचेतनाको स्पष्टता र निम्नवर्गप्रतिको पक्षधरता, श्रमशक्तिप्रतिको उच्च सम्मान, पार्टी विचार र प्रतिबद्धतामा आएको स्खलन, नारीपरक नवीन चेतना जस्ता अनेक प्रवृत्तिएकाइमा व्यक्त भएकी छन् । यसो हुँदाहुँदै पनि यस उपन्यासमा निस्सारतावादी र आशावादी जीवन दर्शनलाई समेत कतिपय पात्र र परिवेशका माध्यमबाट अनुभूत गर्न सकिन्छ भने यसमा रमेश (म पात्र) र ज्वालाका मनोविज्ञानको सूक्ष्म विश्लेषण पनि गरिएको पाइन्छ । यसमा लेखन समयका सामाजिक–राजनीतिक विविध पक्षको जीवन्त चित्र उतारिएको छ । तसर्थ यसमा समकालीनताबोध वा युगबोध पनि उत्तिकै सशक्त रूपमा अभिव्यक्त भएको छ । यो उपन्यास समग्रमा प्रगतिवादका केन्द्रीयता पारिजातको उपन्यासयात्राका प्रायः समग्र औपन्यासिक प्रवृत्तिको कोलाज बनेर देखिएको छ । यिनै प्रवृत्तिका सापेक्षमा पर्खालभित्र र बाहिर उपन्यासकी पारिजातको पहिचान गर्नुपर्ने हुन्छ । उपन्यासको एउटा गम्भीर पाठकका रूपमा बहुआयामिक अन्तर्वस्तुगत वैशिष्ट्यका सापेक्षमा यहाँ पारिजातलाई परख गर्ने काम गरिएको छ । यसरी परख गर्दा उपन्यासको सापेक्ष विश्लेषणका आयामहरू यसप्रकार छन्— ऐतिहासिक भौतिकवादी विचार, नक्कली क्रान्ति र क्रान्तिकारीको विरोध, शोषणका विरुद्ध विद्रोह, वर्गचेत र निम्नवर्गप्रतिको पक्षधरता, धैर्यशील, समझयुक्त, सुझबुझपूर्ण र टिकाउ क्रान्तिचेत, विसङ्गतिवादका पृष्ठभूमिमा अस्तित्ववाद, समकालीनताबोध र सन्तुलित नारीचेतना ।

## ऐतिहासिक भौतिकवादी विचार

अहिलेसम्मका इतिहासहरू सत्ता र शक्तिका आडमा लेखिएका छन् । इतिहासका वास्तविक निर्माता त आमजनता, मजदुरहरू र सङ्घर्षशील व्यक्ति हुन् । वस्तुगत, आदर्शवादी, भाग्यवादी, दक्षिणपन्थी इतिहास सिद्धान्तले जनतालाई एउटा निस्क्रिय समुदाय र एउटा भीड मात्र ठान्दछ । यसले सबै प्राकृतिक परिघटनाहरू र इतिहासमा घट्ने सबै घटनाहरू पूर्वनिर्धारित हुन्छन् र श्रमजीवी जनता त माथिबाट वा दैवी इच्छाबाट निर्धारित कुरालाई आँखा चिम्लेर मान्ने समुदाय मात्र हुन् (श्रेष्ठ, २०६०, पृ. १८७) भन्ने मान्दछ । ठुलाठुला व्यक्तित्व तथा नेताहरूका गुणद्वारा निर्धारित आकस्मिक घटनाहरूको जमघट ठान्ने मनोगतवादी–स्वेच्छावादी सिद्धान्तले जनतालाई निर्णायक क्रान्तिमा भूमिका खेल्न नसक्ने र ठुलाठुला व्यक्तिहरूका विचारलाई मान्ने समुदाय मात्र मान्दछ । इतिहास र त्यसमा जनताको भूमिकाका सन्दर्भमा ऐतिहासिक भौतिकवादको मान्यता यसको ठिक विपरीत छ । यस अनुसार मानवीय इतिहास श्रमसङ्घर्षको दस्तावेज हो । राजामहाराजाहरू, विजेताहरू र वीरहरू इतिहासका निर्माता नभएर आमजनता इतिहासका निर्माता हुन् । त्यसैले वीरहरू जनताका सृष्टिकर्ता नभएर जनता वीरहरूका सृष्टिकर्ता हुन् र इतिहासलाई अगाडि बढाउने चालक हुन् भन्ने स्टालिनको धारणा (उद्धृ. श्रेष्ठ, २०६०, पृ. १८८) लाई पारिजातले पर्खालभित्र र बाहिर उपन्यासमा प्रभावकारी ढङ्गले प्रयोग गरेकी छन् । ऐतिहासिक भौतिकवादको मूल सारलाई खिचेर उपन्यासकार पारिजातले त्यसको कलात्मक प्रयोग यस उपन्यासमा गरेकी छन् । उपन्यासको विद्रोही पात्र ज्वालाका माध्यमबाट पारिजातले यस विचारधारालाई यसरी अभिव्यक्त गरेकी छन् :

एक पटक एउटा नदीको किनारामा बसी सूर्यास्त हेर्दाहेर्दै म झण्डै बौल्हाएको छु तर ... तर... साथीहरू, मलाई सौन्दर्यको नाउँमा बौलाहा हुनु थिएन कमभन्दा कम यस देशमा । म त पसिना बगाएर पनि खान नपुग्ने घरमा जन्मेको र हुर्केको त्यसरी नै । पसिनाको रंग कहाँ हुन्छ र ? त्यसैले त यो बेरंग पसिनाको इतिहास लेखिएन यहाँ । (पारिजात, २०७३, पृ. ६१–६२)

पसिना श्रमको परिणति हो । पसिना बगाउनेहरूले जीवनको सबैभन्दा ठुलो सौन्दर्य त्यसमै पाउँछन् । नदीका, पाखाका, समुद्रका र सत्ताका बाहिरी सुन्दरताले श्रमको सौन्दर्य देखाउन सक्दैनन् । वास्तविक सौन्दर्य त त्यहाँ हुन्छ जहाँ पसिनाको रङ्ग चमकदार भएर देखिन्छ । तर यो समाजले पसिनालाई पानीजस्तै बेरङ्गको देखेका हुनाले उपन्यासभित्र ज्वाला आक्रोशित छ । उसको लडाइँको मूल उद्देश्य इतिहासको यही चक्रलाई तोड्नु र नयाँ इतिहास लेख्नु हो; सत्तासीनहरूले गरिब, मजदुर आमजनातालाई हेर्ने दृष्टिकोणमा आमूल परिवर्तन ल्याउनु हो । ऊ जनताले श्रम गर्दा पनि भोकभोकै बस्नुपर्ने र मालिकहरू अकुत सम्पत्तिका मालिक भइरहने जुन कुप्रचलन समाजमा छ त्यसलाई तोड्ने सङ्कल्प लिएर क्रान्तिको मोर्चामा लागेको हो । त्यसैले उसभित्र अहिलेसम्मको असत्य, भ्रमपूर्ण जाली इतिहासलाई जलाएर पसिनाका रङ्गको इतिहास लेख्ने अदम्य अठोट छ । यसरी राजामहाराजा, विजेता र वीरहरूका इतिहास च्यातेर रङ्गीन पसिना बगाउने आमश्रमजीवी जनताको नयाँ इतिहास लेख्ने ऐतिहासिक भौतिकवादी चेतना पर्खालभित्र र बाहिरकी पारिजातमा प्रखर रूपमा अभिव्यक्त भएको छ ।

## नक्कली क्रान्ति र नक्कली क्रान्तिकारीको विरोध

राजनीतिक, आर्थिक, वैचारिक, सांस्कृतिक पक्षमा हुने आमूल परिवर्तन क्रान्ति हो । यसको फलस्वरूप समाजमा सत्ता, वर्ग र उत्पादन सम्बन्धमा नवीनता देखिन्छ । यसले समाजका अन्तरसम्बन्ध र सामाजिक संस्थाहरूमा समेत परिवर्तन ल्याउँछ । क्रान्ति आकस्मिक नभएर नियमित र गतिशील परिघटना हो । "यो सामाजिक विकासको निश्चित चरणमा सामाजिक जीवनका भौतिक अवस्थाहरूबाट तथा सामाजिक विकासमा निहित आन्तरिक अन्तरविरोधहरूबाट उत्पन्न हुने स्वाभाविक र नियमित घटना

हो" (आफानास्येभ, २०६३, पृ. २५३) । तसर्थ पुराना शक्ति संरचना र उत्पादनका सम्बन्ध र नयाँ शक्ति संरचना तथा उत्पादनका बिचको सापेक्षिक द्वन्द्वबाट नै क्रान्ति सम्भव हुन्छ । यस सङ्घर्षमा पुरानो प्रतिक्रियावादी वर्ग कुनै हालतमा पनि हार मान्न तयार हुँदैन । तसर्थ आफ्नो सत्ता टिकाइराख्नका लागि उसले अनेक प्रकारका हत्कण्डाहरू प्रयोगमा ल्याउँछ । क्रान्तिलाई असम्भव बनाउनका लागि सत्तासीन पुरानो वर्गले अपनाउने यस्ता हत्कण्डाहरूमध्ये राज्यसत्ताको चरम दुरुपयोग गरेर क्रान्ति र क्रान्तिकारीलाई दबाउन खोज्नु— सुराक खोज्नका लागि सुराकीहरूमा ठुलो लगानी गर्नु, क्रान्तिकर्ममा लागेका व्यक्तिहरूलाई धरपकड गर्नु, जेल हाल्नु, चरम यातना दिनु, क्रान्तिकारीहरूको कत्लेआम गर्नु; क्रान्तियोजनालाई असफल बनाउनु आदि हुन् । यसका साथै क्रान्तिमै लागेका शीर्षस्थ नेता तथा सामान्य कार्यकर्तासमेतलाई अनेक प्रलोभनमा पारेर उनीहरूबाटै क्रान्तिमा घात गर्न लगाउनु क्रान्तिदमनको सबैभन्दा ठुलो हतियार हो ।

पारिजातको पर्खालभित्र र बाहिर उपन्यासमा क्रान्तिचेतनामाथि दमन गर्नका लागि उपर्युक्त दुबै प्रकारका उपायलाई तत्कालीन पञ्चायती व्यवस्थाले प्रयोग गरेको देखाइएको छ । रमेश, ज्वाला आदि प्रतिनिधि क्रान्तियोद्धालाई जेल हालेर चरम यातना दिइएको छ । तिनका समग्र क्रान्तिसम्बन्धलाई टुटाइएको छ । यसका साथै उनीहरूलाई पक्रिनका लागि सहयोद्धाहरूलाई नै प्रयोग गरिएको छ । स्वार्थी, लोभी र क्रान्तिप्रति कम प्रतिबद्धता भएका यस्ता पात्रहरूले तात्कालिक फाइदाका लागि क्रान्तिकारीहरूको पोल खोलिदिएपछि समग्र क्रान्तिको एउटा लहर समाप्तप्रायः भएर देखिएको छ । यसो हुनुमा क्रान्तिमा लागेका नक्कली वा अप्रतिबद्ध व्यक्तिहरूले आदर्श क्रान्तिप्रति दिएको धोका मुख्य कारक देखिएको छ । उपन्यासमा ज्वालाले देखाएको आक्रोश क्रान्तिलाई असफल पार्ने यी दुबै प्रकारका हत्कण्डाप्रति लक्षित छ । आफूलाई निरपराध जेलमा कोचेर निर्मम यातना दिनु र आफ्नै साथीले सुराकीको काम गरी क्रान्तिप्रति घात गर्नुले उसको मानसिकतामा गम्भीर आघात परेको छ । उसमा नामअनुसार नै विद्रोहको ज्वाला दन्किएको छ । क्रान्तिका नाममा नक्कली मान्छेहरूको जतातत्तै भीड बढेकामा पारिजातले ज्वालाका माध्यमबाट यसरी असहमति प्रकट गरेकी छन् :

यस्ता नक्कली मान्छेहरू मैले दरबार र महलका झ्यालझ्यालमा देखेको छु, रमितेहरूमा देखेको छु, होटेलहरूभित्र देखेको छु, सुविधाहरूभित्र देखेको छु । साथीहरू, मलाई छाडा छाडिदिनोस्, स्वतन्त्रता दिनोस्, म दरबार र महलहरूलाई एक–एक गर्दै धूलोपीठो पारिदिन्छु, म यी सुरक्षा र सुविधामा बाँच्नेहरूलाई खुला बजारमा नङ्ग्याउँछु, शासकका झुठा प्रशस्तिहरू गाएर जो विलास लुट्दै छन् अथवा जो छुरी धस्दै छन् पछिल्तिरबाट आफूमा भर परेका लाटासुधाहरूलाई जिउँदै लुछन लगाउँछु स्याल र गिद्धहरूबाट । (पारिजात, २०७३, पृ. ६२)

क्रान्तिनायक मानेर उनीहरूमाथि पूर्णतः निर्भर रहने आमजनताका इच्छा आकाङ्क्षामाथि तुषारापात गर्दै सम्झौतापरस्त राजनीति गरी सुविधाभोगी बन्नेहरूका विरुद्ध पारिजात विस्फोटित हुन चाहन्छिन् तथापि देशमा विगतदेखि वर्तमानसम्म सोही इतिहास र प्रवृत्ति दोहोरिइरहेको छ । क्रान्तिका चर्का कुरा गरेर सत्तालिप्सामा फस्ने, क्षणिक फाइदा र सुविधामा भुल्ने, जनतालाई आफ्ना इशारामा नाच्ने कठपुतली ठान्ने आम नेतृत्ववर्गप्रति पारिजातको तीव्र आक्रोश ज्वाला पात्रका माध्यमबाट प्रकट भएको छ ।

एउटी महत्त्वाकाङ्क्षी केटीको प्रभावमा परी धनसम्पत्ति र उसको जवानीका कारण क्रान्तिमाथि धोका दिने अनेक पात्रहरू छन् । त्यस्तै क्रान्तिलाई धोका दिएर अकुत सम्पत्ति कमाई त्यसैका आडमा ठेकेदारी, विचार एवं सिद्धान्तको क्रयविक्रय र सौदाबाजी गर्ने नक्कली क्रान्तिकारीहरू पनि प्रशस्त छन् । रमेशको एउटा पुरानो साथी त्यसैको प्रतिनिधि पात्र हो । जेलबाट छुटेपछि जागिरको अपेक्षा गरेर उसको घरमा पुग्दा उसको रवाफ र विगतको नक्कली क्रान्तिकर्मबाट रमेश थङ्थिलो भएको छ । ठुलो ओहोदाधारी बनिसकेको त्यस व्यक्तिको सम्झौतापरस्त र नक्कली क्रान्तिप्रति उसैका आत्मस्वीकृतिमा उपन्यासकारले यसरी व्यङ्ग्य गरेकी छन् :

... वास्तवमा हामी केही भएकै रहेनछौँ र केही हुन पनि नसक्ने रहेछौँ । सिद्धान्तलाई मैले बाटोमा खसेको फूल जस्तो कोटमा सिउरिएर हिँडें, तिमी मलाई कदापि सिद्धान्तच्युत भन्न सक्दैनौ । मसँग कुनै सिद्धान्त नै छैन । पेटको प्रश्न सबैभन्दा डरलाग्दो रूपमा मसँग थियो, म एउटा निरीह मान्छे थिएँ, रमेश । जसले एउटा विकल्प जान्दछ— पेटभर्नु । सबैले यसै गरेका छन् म कुनै खास मान्छे पनि होइन । यहाँ केही हुन सक्तैन, केही हुनै सक्तैन । (पारिजात, २०७३, पृ. ८८)

हिजो त्यही सिद्धान्त र कर्मलाई क्रान्तिको आधार मान्ने व्यक्तिहरू आज सुविधा र स्वार्थमुखी भएर त्यसैको त्यसैले दुहाई काड्ने बनेका छन् । त्यस्ता व्यक्तिहरूले समाज विकासको निरन्तरता र गतिशीलतालाई बुझ्न नसकेकामा उपन्यासकार निकै निराश देखिन्छिन् । इतिहासको स्वभाव, गति र प्रवृत्तिलाई नजरअन्दाज गर्न न त शासकहरूलाई छुट छ न त जनतालाई मुक्तिको सपना देखाएर विद्रोही बन्न उद्यत गराउने अनि आफू विशुद्ध व्यक्तिवादी स्वार्थमा लागेर सुविधाभोगी, सम्झौतापरस्त बन्ने तर आफूलाई क्रान्तिकारी नै ठानिरहने नेताहरूलाई छुट छ । जनताको अदम्य र अविजेय शक्तिले यस्ता सबै प्रकारका भ्रमचक्रलाई एकदिन अवश्य पराजित गर्नेछन् भन्ने गतिशील इतिहासचेत यस उपन्यासमा व्यक्त भएको देखिन्छ । यसरी क्रान्ति र क्रान्तिकारीहरूका नक्कलीपन, आडम्बर र तिनका सिद्धान्तहीनता र स्खलनको निर्भीक र प्रभावकारी चित्रण गर्नसक्ने खुबी पर्खालभित्र र बाहिरकी पारिजातमा सशक्त बनेर रहेको देखिन्छ ।

## शोषणका विरुद्ध विद्रोह

मार्क्सले भनेजस्तै जनता आफ्नै नाटकका लेखक र पात्र दुबै हुन् । उनीहरू एकातिर परिस्थितिका उपज हुन् भने अर्कातिर परिस्थिति बदल्ने मूल कारक पनि हुन् । विश्लेष्य उपन्यासमा ज्वाला, रमेश, बाटुली, लाले, क्युरी आदि पात्र र तिनका विद्रोही चेतनाले आमजनताको आवाज मुखरित गरेको छ । यी पात्र तत्कालीन राज्यसत्ताका विभेदयुक्त परिपाटीका उपज हुन् । राज्यसत्ताको विरोध गर्नु उनीहरूको इच्छा नभएर बाध्यता हो । सामन्ती पद्धति र गरिब मजदुरमारा वर्गको पक्ष लिएको तत्कालीन राज्यसत्ताको विरोध गर्नुपर्ने बाध्यताका कारण उनीहरू व्यवस्था बदल्ने कारकका रूपमा पनि देखिएका छन् । उपन्यासमा व्यवस्था परिवर्तन देखाइएको छैन तापनि यसरी राज्यसत्ता र त्यसका आडमा गरिब मजदुरमाथि गरिएका शोषणचक्र र त्यसको प्रतिरोधी चेतना तीव्र बन्दै जानुले राज्यसत्ता परिवर्तनको अवश्यम्भाविता र आवश्यकतालाई थप सबल बनाउँदै लगेको देखिन्छ । जनताहरू विद्रोहशील छन् र त्यसको परिणति त्यति टाढा छैन भन्ने कुरालाई सङ्केत पनि गरेको छ । जब समाजमा राज्यव्यवस्थाका विरुद्ध विद्रोह सुरु हुन्छ तब परिस्थिति बदलिनु अनिवार्य छ । यसैको उपज र कारकको द्वन्द्वचेत पर्खालभित्र र बाहिरकी पारिजातमा प्रखर रूपमा देखिएको छ ।

अव्यवस्थाका विरुद्धको चेतनालाई दमन गर्नका लागि ज्वालालाई कालकोठरीमा कोचिएको छ । ऊ बारम्बार आफ्नो अपराध पुष्टि गर्नका लागि राज्यसत्ताका हिमायतीलाई चुनौती दिन्छ । जेलभित्र निरपराध आस्थाको बन्दी बनेर लामो समय बस्न बाध्य ज्वाला राज्यसत्ताको गैरकानुनी हर्कतका विरुद्ध जेलभित्रै विरोधको आवाज बुलन्द गरिरहेको छ । यसरी जेलभित्रै निरन्तर विद्रोही बनेको ज्वाला झनै सत्ताको कुदृष्टिमा पर्नु परिस्थितिजन्य दृष्टिले स्वाभाविक देखिन्छ । त्यसको परिणति ज्वालाको हत्याका रूपमा देखिन्छ । राज्यसत्ताद्वारा ज्वालाभित्रको विद्रोहको आगोलाई सधैँका लागि निभाउने प्रयत्न स्वरूप उसको हत्या गरिएको सत्यलाई एकातिर पन्छाएर 'अचानक हृदयगति बन्द भएको' भनेर कुप्रचार गरिन्छ । आफूमाथि भएका अन्यायका विरुद्ध विद्रोहको आगो ओकल्ने युग र चेतनाको एउटा ज्वालालाई सधैँका लागि निभ्न बाध्य

पारिन्छ । यसरी अन्यायी सत्ता सञ्चालनका विरुद्धमा विद्रोहको आवाज उठिसकेपछि सत्ताले आफूभित्रका कमजोरी र सत्ता सञ्चालन पद्धतिमा सुधार ल्याउनुका सट्टा विद्रोहलाई चरम दमन गर्दै विद्रोहीहरूको हत्या गर्न उद्यत रहनुको अर्थ त्यस प्रकारको सत्ताको अन्त्य अनिवार्य हुन्छ भन्ने सशक्त वैचारिकता पनि पर्खालभित्र र बाहिर उपन्यासमा रहेको छ ।

## वर्गचेतना र निम्नवर्गप्रतिको पक्षधरता

समाजमा अनेक वर्ग हुन्छन् । यस्तो समाजमा वर्गीय शोषण विद्यमान छ । श्रमिकहरू सधैँभरि थिचिएर, पिसिएर र शोषित भएर बाँच्न बाध्य छन् । सधैँभरि उच्च सम्भ्रान्त वर्गबाट शोषित, पीडित हुनुपर्दा निम्नवर्गीय श्रमिकहरूमा असन्तोष बढ्नु स्वाभाविक छ । त्यस असन्तोषले समाजमा विद्यमान शोषणचक्रका विरुद्ध सङ्गठित विद्रोह जन्माउँछ । समाजमा वर्ग छ र त्यसमा पुँजीपतिवर्गले श्रमिकवर्गप्रति शोषण र थिचोमिचो चलाइरहेका छन् भन्ने कुराको बोध हुनु नै वर्गबोध हो । एउटा विवकेयुक्त स्रष्टा वर्गीय चेतना, वर्गसपना र वर्गमुक्तिका लागि अन्यायी, आततायी सत्तासीन वर्गका विरुद्ध आफ्ना कलमद्वारा विचारको युद्ध लड्न तयार हुनुपर्छ । यसरी समाजमा व्याप्त पुँजीपति वर्गका दमनचक्रका विरुद्ध वैचारिक रूपमा आमश्रमिक वर्गका पक्षमा आफ्ना अभिमत जाहेर गर्नु नै निम्नवर्गप्रतिको पक्षधरता हो । पारिजातले पर्खालभित्र र बाहिर उपन्यासमार्फत तत्कालीन काठमाडौँली समाजमा देखिएका शोषण, दमन, अन्याय र अत्याचारका विरुद्ध आवाज उठाएर निम्नवर्गप्रतिको आफ्नो पक्षधरतालाई पुष्टि गरेकी छन् । उपन्यासमा ज्वाला, रमेश आदि पात्रका परिस्थिति–परिवेश र चिन्तनको चित्रण गरेर पारिजातले यसलाई अझै प्रबल बनाएकी छन् । यसका साथै क्युरी र लालेजस्ता श्रमिक कुल्लीहरूका श्रमसङ्घर्ष र अधिकाररक्षाका सन्दर्भमा आफ्नो वैचारिक पक्षधरता देखाएर उनले एउटा सचेत, विवेकयुक्त र गतिशील बौद्धिक वर्ग एवं स्रष्टा हुनुको दायित्व निर्वाह गरेकी छन् । उनले उपन्यासमा क्युरी र लालेजस्ता असङ्ख्य श्रमिकहरूका पक्षमा र श्रमशोषक ठेकेदार, ओभरसियर, हाकिम आदिका विरुद्ध आफ्नो मुखपात्र रमेश (उपन्यासवाचक 'म') लाई आवाज उठाउन लगाएकी छन् । चक्रपथ निर्माणका क्रममा आफूजस्तै कुल्लीको काम गर्ने क्युरीसँग म पात्र रमेशले यस सन्दर्भमा यसरी आफ्नो विचार प्रकट गरेको छ :

गरिबको पसिनामा मोज लुट्नेहरू सबै एकमतो भएर मिलेका हुन्छन् । यी ठेकेदारहरू, ओभरसियर, त्यसमाथि हाकिमहरू सबै एकै हुन् । कसैले तपाईँका कुरा सुनिर्दिँदैनन् । नत्र हेर्नुस् न, यसरी दिन रात एक गरेर पसिना बगाएपछि हामीले पनि पेटभरि खान पाउनुपर्छ, लुगा लगाउन पाउनुपर्छ । खै त पाएको ? (पारिजात, २०७३, पृ. १२६)

उपन्यासमा ठेकेदार, ओभरसियर, हाकिमहरू मालिक-शोषकवर्गको प्रतिनिधिका रूपमा देखिएका छन् भने रमेश, बाटुली, लाले, क्युरी आदि श्रमिक÷शोषितवर्गको प्रतिनिधिका रूपमा देखिएका छन् । शोषकहरू श्रमिकका रगत पसिना शोषण गरेर मोज गर्ने गर्दछन् । श्रमिकलाई लुट्नका लागि उनीहरू एकमतो हुन्छन् । श्रमिकले खान नपाएको र लाउन नपाएको तिनलाई कुनै मतलब छैन । यस परिस्थितिमा गरिब-श्रमिकहरू आफै सचेत र सक्रिय हुँदै एकजुट भएर क्रान्तिको बाटोमा लाग्नुपर्छ भन्ने सन्देश पारिजातले दिएकी छन् ।

समाजमा यसरी नै शोषणको अन्तहीन चक्र चलिरहेको छ । यसलाई तोड्नका लागि श्रमिकहरूमा उच्च आशावाद, क्रान्तिप्रतिको प्रतिबद्धता र सङ्गठनचेत हुनु आवश्यक छ । मुट्ठीभर शोषकले लाखौँ श्रमिकहरूलाई शोषण गर्दा पनि केही गर्न नसक्नु सङ्गठनचेतको अभाव हो । सङ्गठित भएर तिनका विरुद्ध विद्रोह गर्न सके कोही पनि श्रमिकहरू शोषित हुनु नपर्नेतर्फ पारिजातले जोड दिँदै क्युरीसँग पुनः रमेशलाई भन्न लगाएकी छन् :

यी रगत चुस्नेहरू एकमतो हुन सक्छन् भने हामी चुसिनेहरू किन एकमतो हुन नसक्नु ? हामीले पनि हुनुपर्छ । हेर्नुस् क्युरी हामीसँग पैसा छैन, पहुँच पुगेका मान्छेहरू हाम्रा होइनन्, पुलिस हाम्रो होइन, कानुन हाम्रो होइन, एकमतो हुन सक्नु मात्र हाम्रो सबैभन्दा ठुलो तागत हो । हामी यो बाटो बनाइसक्छौँ, त्यसपछि नाङ्गाभुतुङ्गै अर्को बाटो बनाउन जान्छौँ, त्यसपछि अर्को । पसिनाको रूपमा रगत बगेको हामीलाई थाहा हुँदैन । हाम्रो करङ र छातीमा कुल्चीमिल्ची गरेर यिनीहरू पैसा कमाउँछन्, घर बनाउँछन्, सुखी भएर जीवन गुजारा गर्छन् । हामी नभए यतिका पक्की सडक, बिल्डिङहरू अझ बडेमानका सहरहरू केही पनि बन्न सक्दैनन्, होइन क्युरी ? (पारिजात, २०७३, पृ. १२६–१२७)

एकता नै श्रमिकहरूको सबैभन्दा ठुलो शक्ति हो । अन्य शक्ति नभए पनि श्रमिकहरू आफ्ना श्रमशक्तिका अतिरिक्त एकता शक्तिका माध्यमले आफ्ना रगत पसिना चुस्नेहरूका विरुद्ध लड्न सक्ने र आफ्ना श्रमको उचित मूल्य प्राप्त गर्नसक्ने कुरामा उपन्यासको मुख्य पात्र रमेश पूर्णतः विश्वस्त छ र यस्तो कुरा बुझेको उसले क्युरीजस्ता सोझा श्रमिकहरूलाई यो कुरा बुझाउने प्रयास गरेको छ । घर, भवन, सडक, सहर बनाउने मजदुर नाङ्गै र भोकै बस्नुपर्ने अन्यायी र असमान व्यवस्था जहिलेसम्म रहन्छ तहिलेसम्म निम्नवर्गीय श्रमजीवी मजदुरहरूको मुक्ति हुन नसक्ने र यसका लागि श्रमिकहरू एकजुट भएर सङ्घर्ष गरिरहनु पर्ने चेतना रमेशका माध्यमबाट पारिजातले यस उपन्यासमा व्यक्त गरेकी छन् । त्यसैले वर्गचेत र निम्नवर्गप्रतिको पक्षधरता पर्खालभित्र र बाहिरकी पारिजातको महत्त्वपूर्ण वैचारिकता हो ।

## धैर्यशील, समझयुक्त, सुझबुझपूर्ण र टिकाउ क्रान्तिचेत

विश्लेष्य उपन्यासमा एकातिर ज्वालाका माध्यमबाट पारिजातको तीव्र विद्रोही चेतना अभिव्यक्त भएको छ भने अर्कातिर म पात्र रमेशका माध्यमबाट धैर्यशील, समझयुक्त, सुझबुझपूर्ण र टिकाउ क्रान्तिचेत प्रस्तुत भएको छ । उपन्यासका मुख्य दुई पात्रका माध्यमबाट पारिजातले आफूमा रहेको क्रान्तिसम्बद्ध द्वन्द्वचेतलाई सन्तुलित र सुन्दर ढङ्गले प्रस्तुत गरेकी छन् । आफूसँगै मुक्तियात्रामा लागेका नेताले छल गरी आफू बचेर प्रशासनमा पोल लगाइदिएका कारण ज्वाला जेलभित्र (पर्खालभित्र) पर्न बाध्य भएको छ । स्वार्थका लागि सपनाको बलि चढाउने पूर्वसहकर्मीले ठेकेदारीमार्फत अकुत सम्पत्ति कमाएर त्यसैका बलमा एउटा झुण्ड किनेर राजनीति गरिरहेको एउटा सच्चा क्रान्तिकारीलाई कसरी सह्य हुन सक्छ र ! यस सन्दर्भलाई उपन्यासमा यसरी उल्लेख गरिएको छ— "क्रान्तिलाई केही नारा र केही आवेशहरूमा सिध्याएर युगको एउटा सानो ठेक्का किन्ने साथीहरू जीवन लुटेर बसेका छन् यही देशमा । समय टोयटा र होन्डामा मात्र होइन, ज्वालाको नाङ्गो आङमा पनि बितेको छ" (पारिजात, २०७३, पृ. ३२–३३) । वास्तवमा ज्वाला जति राज्यसत्ताका विरुद्ध विद्रोही बनेको छ त्यति नै जनतालाई विद्रोह गर्न उक्साएर व्यक्तिगत स्वार्थका लागि राज्यसत्तासँग घाँटी जोड्ने क्रान्तिका विश्वासघाती पात्रका विरुद्ध पनि आगो ओकलिरहेको छ ।

इमानदारीपूर्वक क्रान्तिकर्ममा लागेको ज्वाला यही दोहोरो घातले क्रमशः मनोरोगी बन्दै गएको छ र उसमा चरम निराशाका साथै चरम विक्षिप्ति पनि देखिएको छ । जेलभित्र उसलाई सान्त्वना, प्रेम र सहकर्मीहरूका सद्भाव र विश्वासको खाँचो छ तर उसको क्रान्तिचेत दिनदिनै शरीरभरि नीलडाम र रगतपच्छे भएर सुस्ताइरहन बाध्य छ । क्रान्तिको एउटा योद्धा यसरी आवेश, आक्रोश र विद्रोहको परिस्थितिसापेक्ष असमझदारीपूर्ण व्यवहार गरिरहँदा म पात्र रमेशमा यसका विपरीत धैर्य, सुझबुझ र संयमता देखिन्छ । उसले ज्वालाको परिस्थिति निरपेक्ष तीव्र आक्रोशको परिणति अनुमान गरेको छ । उसलाई एउटा मात्र त्रास छ कि राज्यसत्ताका पहरेदारहरूले कतै तीव्र आवेगको प्रतिक्रिया स्वरूप ज्वालाको हत्या गरेर क्रान्तिलाई कमजोर नबनाऊन् । चरम निराशामा डुबेका बेलामा ज्वालाले बरु आफ्नो हत्या रमेशले नै गरोस् भन्ने चाहना र दवाब प्रकट गर्दा रमेशले निकै सुझबुझपूर्ण तरिकाले ज्वालालाई यसरी सम्झाएको छ :

'यहाँ हाम्रो एक–अर्काको हत्याले केही निष्कर्ष निस्किँदैन ज्वाला ! यहाँ

त दुश्मनको हत्याले पनि केही हेरफेर ल्याउँदैन । यो हाम्रो निर्वासन हो, हामी यहाँ सतही रूपले विवश छौँ तर हाम्रो भित्री कार्यक्रमलाई, जसको सुरक्षाका निम्ति हामी बलि हुनलाई पनि हच्किरहेका छैनौँ, निर्वासनको सिङ्गो शताब्दीले पनि केही गर्न सक्ने छैन । यो निर्वासन स्वतः एकदिन नतमस्तक हुनेछ । हामी फड्कोले हानेर पार गर्नेछौँ यी पर्खालहरूलाई' । (पारिजात, २०७३, पृ. २५)

रमेशमा गतिशीलताका नियमको गहिरो बोध छ । हरेक कुरा गतिशील र परिवर्तनशील छ भन्ने कुरा उसले बुझेको छ । आस्थाका बन्दीका रूपमा जेलको चार दिवारभित्र कैद गरिएका उनीहरूले निष्ठापूर्ण धैर्यबाहेक त्यहाँ केही गर्न सक्दैनन् भन्ने कुरामा ऊ सचेत छ । जेलभित्र केही गर्न खोज्नु आफैलाई समाप्तिको दिशामा अग्रसर गराउनु हो भन्ने हेक्का पनि उसलाई छ । तर एक दिन उनीहरूको मुक्ति अवश्य हुनेछ (अर्थात् हरेक बन्धनको अन्त्य हुनु अवश्यम्भावी छ ।) र उनीहरू यी पर्खालहरू नाघेर बाहिर पुग्नेछन् भन्ने अटल विश्वास उसमा रहेको छ । तसर्थ क्रान्तिकारीहरू आक्रोश र आवेगले होइन, प्रौढता, सुझबुझ, धैर्य र संयमताले क्रान्तिमार्गमा अटल भएर अगाडि बढिरहनुपर्दछ भन्ने चेतना पर्खालभित्र र बाहिरकी पारिजातमा रहेको छ ।

## विसङ्गतिवादका पृष्ठभूमिमा अस्तित्ववाद

मानवीय जीवन विसङ्गतिमय छ । जन्मदेखि मृत्युसम्मका समग्र घटनाक्रम मान्छेको वशमा छैनन् । विना चाहना जन्मनुपर्ने, बाँचुन्जेल विसङ्गत हुनुपर्ने र एकदिन इच्छाविना नै मर्नुपर्ने जस्ता असङ्गति मान्छेले भोग्नुपर्छ । आफूले ठुलो ठानेका व्यक्ति निकम्मा निक्लने, जीवनको मुक्ति ठानेका कुराले बन्धनमा पार्ने, आस्थाको व्यापार गर्नुपर्ने, विश्वासको घात हुने, मूल्यवान् ठानेका चिजहरू मूल्यहीन ठहरिने जस्ता अनन्त असङ्गति र विडम्बना मान्छेले भोग्नुपर्दछ । व्यक्ति, परिवार, समाज, राष्ट्र, विचार, क्रान्ति, आदर्श, आस्था आदिका मूल्यहरू दिनदिनै स्खलित हुँदै गएका छन् । आदर्श, आस्था, मूल्य ढलिसकेर जीवनलाई असङ्गत, निस्सार र शून्य देख्नु नै विसङ्गतिको सार हो (त्रिपाठी, २०४९, पृ. ११४–११५) । यही परिस्थितिको बोध नै वास्तवमा जीवनको विसङ्गतिबोध हो र यस्तो बुझाइ तथा परिस्थितिको अभिव्यक्ति भएका कृतिहरू विसङ्गतिवादी कृति हुन् । शिरीषको फूल (२०२२) पारिजातको पहिलो विसङ्गतिवादी उपन्यास हो । उनी यसै उपन्यासका माध्यमबाट नेपाली उपन्यास लेखनमा सशक्त रूपमा स्थापित भएकी हुन् । पहिलो उपन्यासको यही प्रवृत्ति पारिजातको सातौँ क्रममा प्रकाशित पर्खालभित्र र बाहिरमा पनि सशक्त ढङ्गले प्रयोग भएको देखिन्छ । जीवनमा जेजति प्रयत्नहरू गरे पनि उपलब्धिका रूपमा निस्सारता र शून्यता भेटिने कथ्यसन्दर्भ उपन्यासमा नभएको भए पनि यस उपन्यासको पाठकीय समष्टि प्रभाव हेर्दा त्यस्तो देखिन्छ ।

क्रान्तिमा लागेका ज्वाला र रमेश दुबै जेल पर्नु, ज्वालाले जेलमा दिनदिनै पिटाइ खानु र रमेश निम्छरो भएर बस्न बाध्य हुनु, सहयात्रीहरूले साथ नदिँदा र प्रशासनको चरम दमनले युग परिवर्तन गर्न क्रान्तिको मार्गमा हिँडेको ज्वाला पागल झैँ हुनु, जेलबाट छुट्ने सम्भावना नभएपछि उसले जेलभित्रै विद्रोहका अनेक प्रयत्न गर्नु, अन्ततः पुलिस प्रशासनद्वारा उसको हत्या हुनु र 'हृदयगति बन्द भएको' भनेर बाहिर प्रचार गरिनु आदि सन्दर्भ यस उपन्यासको एउटा विशिष्ट पात्र ज्वालाका जीवनका विसङ्गत पक्ष हुन् । उसले बोध गरेको जीवनको निस्सारतालाई उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

हामीले छाम्दाछाम्दै यो पशु समर्पणसँगै एउटा युग खस्क्यो हाम्रो । नाराहरू क्रमशः टाढा हुँदै गए, हामीले सुन्न पनि छोड्यौँ । हामी सङ्घर्षको यस्तो मोडमा लम्पसार परेका छौँ, जहाँ दुबै कोल्टे सम्भव छैन । अघि हामीलाई सङ्गीन ताक्नेहरू छन् र पछि हामीलाई झुक्याएर छुरा धस्नेहरू, कि तपाईं तरबारको धारमा टेक्नुहोस् वा छद्म पासोमा, तपाईंसँग अर्को विकल्प छैन । (पारिजात, २०७३, पृ. २६)

क्रान्तिको एउटा भीषण सङ्घर्षमा समर्पित भएको ज्वाला दोहोरो कारणले विसङ्गत भएको देखिन्छ । एकातिर जेलका पर्खालभित्र कैद भएको ऊ बाहिर जान पाउने सम्भावना देख्दैन भने जेलका पर्खालबाहिर क्रान्तिका नारा नै सुन्न छोडिएकाले त्यसप्रतिको आशा पनि उसमा बाँकी रहेको छैन । अर्कातिर उनीहरूलाई अगाडिबाट सङ्गीन ताक्नेहरू त छन् छन्, पछाडिबाट झुक्याएर पिठ्युँमा छुरा धस्ने आफ्नै साथीहरू (जो क्रान्तियात्रामा हिजोका सहकर्मीहरू थिए) पनि छन् । त्यही पिठ्युँपछिबाट धसिएको छुराका कारण आज उनीहरू जेलभित्र बस्न बाध्य छन् । यसरी यी दुबै कारणले उसमा चरम विसङ्गति र निस्सारता सञ्चारित भएको देखिन्छ । यो विसङ्गति वा निस्सारता ध्वंशात्मक प्रकृतिको छ । मनोविज्ञानका अनुसार यसलाई कुण्ठाका रूपमा पनि लिन सकिन्छ । उसको यस कुण्ठाले बाहिर निस्कनका लागि ध्वंशात्मक बाटो रोजेको छ । एडलरले भनेजस्तै क्षतिपूर्तिको नियममा आधारित ज्वालाको यो मनोक्रियाव्यापारले उसको हीन मनोग्रन्थिलाई प्रस्ट रूपमा प्रदर्शन गरेको छ । उसमा यस प्रकारको हीनग्रन्थिको विकासको मूल कारक उसलाई बन्धनमा पार्ने सत्ता, क्रान्तिका सहयात्रीको विश्वासघात र टुट्दै गरेका उसका मुक्तिगामी सपना हुन् । प्रगतिवादको औपचारिक वरणपछिको जीवनयात्रामा एकातिर क्रान्तितर्फको झुकाव र तत्कालीन प्रतिकूल राजनीतिक परिवेश तथा अर्कातर्फ आफ्नै जीवनका अनेक कष्टसाध्य अवस्थाको झलक पारिजातले ज्वाला पात्रका माध्यमबाट यस उपन्यासमा प्रस्तुत गरेको देखिन्छ । यसरी पर्खालभित्र र बाहिर उपन्यासमा क्रान्तितर्फको उपलब्धिहीन समर्पण र त्यसका असफलताको आभासका साथै स्वजीवनका शून्यताबोधी चेतनायुक्त पारिजातको व्यक्तिजीवन पनि अभिव्यक्त भएको देखिन्छ ।

पर्खालभित्र र बाहिर उपन्यासमा जीवनका विसङ्गति, शून्यता र अर्थहीनताको मात्र अभिव्यक्ति छैन, त्यसमा व्यक्तिजीवन तथा सामूहिक जीवनका अस्तित्वको सबल अभ्यर्चना पनि रहेको छ । "जीवन–जगत् सङ्गतिपूर्ण छैन वा विसङ्गत छ र त्यसै कारणले जीवन–जगत् तर्क वा बुद्धि–वृत्तिका आधारमा व्याख्या गर्न सकिने वा बुझिने छैन अनि जीवन–जगत् निस्सार, व्यर्थ, शून्य वा निरर्थक छ भन्ने बोध नै विसङ्गतिबोधको मुटु हो भने त्यसैका माझमा पनि 'अस्मिता' वा व्यक्तिसत्ताको सचेत सङ्घर्ष नै अस्तित्ववादको मूल अभिप्राय हो" (त्रिपाठी, २०४९, पृ. १२९) । विश्लेष्य उपन्यासमा जीवनका व्यर्थतालाई सोझै नभएर प्रच्छन्न रूपले अभिव्यक्त गरिएको छ भने त्यस्ता व्यर्थताका बावजुत जीवन र क्रान्तिचेतनाका सार्थकता र त्यसमा व्यक्ति र वैचारिकताको अनन्त आशावाद पनि अभिव्यक्त भएको छ । समाज र शासनपद्धतिका विसङ्गति र विकृतिलाई निमिट्यान्न पारेर सभ्य र समतामूलक समाजको निर्माणहेतु मृत्युपर्यन्त डटेर लडिरहनु व्यक्तिगत तथा वैचारिक अस्तित्व खोजीको मूल परिचायक हो । ज्वालाको समग्र जीवनको प्रतिफलन विसङ्गत देखिए पनि आफूले वरण गरेको विचार र अवलम्बन गरेको बाटोप्रति कुनै खेद प्रकट नगर्नु तथा अनेक आदर्शहरू भत्किए पनि आफूले रोजेको विचार र बाटोलाई सबैभन्दा ठुलो आदर्श ठानिरहनुले सारतः उसभित्रको विचारधारा अस्तित्वपूर्ण रहेको कुरा पुष्टि हुन्छ ।

उपन्यासको म पात्र रमेशले विवेक, संयम र चातुर्यले समय, परिस्थिति र घटनालाई सामना गर्न खोज्छ । जेलभित्र भेट्न आउँदा बाटुलीको श्रम परेको बाह्र रुपियालाई शरीर बेचेर ल्याएको हो कि भनेर शङ्का गरे पनि उसले बाटुलीलाई माया गर्न छोड्दैन । उसलाई पार्टीमा स्वार्थी र सुविधाभोगी नेताहरू भएको कुरा थाहा छ र त्यसैका कारणले ऊ जेलमा बस्न बाध्य भएको कुरा पनि थाहा छ । पार्टी, विचार र प्रतिबद्धतामा आएको विचलन र विकृतिलाई उपन्यासमा उसले यसरी वर्णन गरेको छ :

कति सजिलो भइरहेछ आजभोलि मान्छेहरूलाई, गुटमा पस्नु, कीरा लाग्नु, भत्काउनु, मक्काउनु त्यसपछि अलिकति पैसा खानु । महत्त्वाकाङ्क्षाहरूको यति सस्तो बजार पनि त लाग्दोरहेछ, के थाहा र आफूलाई । उद्देश्य, मनोवृत्ति, महत्ता तथा सारा मूल्यहरू कुहेको सागपातको भाउ पनि त बिक्री हुँदोरहेछ । नक्कली दाँत देखाएर हाँस्न

पनि त सकिँदो रहेछ, नक्कली आँसु रुन पनि त सकिँदोरहेछ । (पारिजात, २०७३, पृ. ६)

समय, समाज र सत्कर्ममा लागेको धमिरालाई मूल्यको विगलन नमानेर के मान्ने भन्ने प्रश्न माथिको साक्ष्यमा मार्मिक रूपमा प्रस्तुत गरिएको छ । सारा समाज नक्कली बनेकाले उपन्यासको मुख्य पात्र रमेशको मन विसङ्गत बनेको छ । एघार वर्षजति जेलमा बिताएको रमेश जेलबाट छुट्ने दिनमा उसका योगदानको कदर गर्नका लागि कोही पनि भेट्न नआउनुले यस कुरालाई पुष्टि गरेको छ ।

गरिबी र अभावले पिल्सिएर सडकमा माग्नुपर्ने परिस्थिति बन्दा पनि हिजोका सहकर्मी समेतले उसलाई काम दिन तयार हुँदैन; उल्टै अपमान गरेर पठाउँछ । यो रमेशका जीवनको कहालीलाग्दो विडम्बना हो । यसो भए पनि रमेशमा जीवन र क्रान्तिप्रतिको आशावाद कहिल्यै टुक्रिएको छैन । मुक्तिका सपनाहरू अनिश्चित भए पनि उसलाई ती असम्भव लाग्दैनन् । समय र परिस्थितिलाई बुझेर चल्नका लागि उसले ज्वाला, बाटुली, लाले, क्युरी आदि पात्रलाई आशाको सन्देश सञ्चार गरिरहेको छ । जेलभित्र चरम निराशामा पुगेको ज्वालालाई सम्झाउँदा, जेलबाहिर निर्विकल्प भएर कोठाभित्रै बसी बाटुलीले ल्याएको एक गास अप्ठ्यारो मानीमानी खाँदा, ज्यामी÷कुल्ली बनेर साबेल र गैँती चलाउँदा एवं पुलिस प्रशासनले ग्राजुएट जस्तो मान्छेले बाटो खन्न आएर लाटासुधालाई राजनीति सिकाएको आरोपमा पुनः जेल (पर्खालभित्र) जाँदा रमेशको आशा कहिल्यै कमजोर भएको देखिँदैन । 'क्रान्ति सम्भव छैन' भन्ने ज्वालाको तर्कमा उसले "त्यसैले त हामी जनतामा भिज्न सक्नुपर्छ, उनीहरूलाई बन्दुक उठाउन समर्थ बनाउनुपर्छ" (पारिजात, २०७३, पृ. २७) भन्ने रमेशमा क्रान्तिप्रतिको आशावादी चेतना जीवन्त रहेको देखिन्छ । एक अर्को ठाउँमा रमेशभित्रको आशावादी/अस्तित्ववादी चेतना यस्तो देखिन्छ :

जीवनलाई मैले सम्भावनाहीन कहिल्यै पाइनँ, वास्तवमा छैन पनि; बाटो, मोड, घटना, स्थिति, जहीँतहीँ सम्भावनाहरू छन् । कहीँ स्थगित नै छैन जीवन । जन्मनु, हुर्कनु, थिचोमिचोको कोर्रा सहनु, भोग्नु, दुःख पाउनु, अभावै–अभाव अनुभव गर्नु, बिहे गर्नु, पशुहरूजस्तै फगत एकाकार हुनु शरीरले, फेरि जन्माउनु, हुर्काउनु, उही अति दुःखद क्रम दोहो¥याउनु, त्यसपछि स्वीकारिदिनु जीवनको झुत्रो बुढो र गरिब ढाँचालाई यी यस्तै त हो नि भन्दै । ... असमानता भएर उठेका यी डाँडाहरू समतल हुनेछन्, हामी फुत्केर आउनेछौँ, आफूमा लादिएका जीवनका ढाँचाहरूबाट बाहिर । यो ढाँचा हो भत्किइन्छ । म आफूलाई अनन्त सम्भावनाको बिच पाउँछु । (पारिजात, २०७३, पृ. ३८–३९)

जीवनका अनन्त निराशाका बिचमा पनि बाँच्नुको सार, क्रान्तिको अनिवार्यता र आफ्ना अनन्त सपनाहरूको सम्भाव्य अवतरणको कल्पनाले गर्दा यस उपन्यासको प्रमुख पात्र रमेश (म पात्र) को चेतनालाई पारिजातको निस्सारताका पृष्ठभूमिमा आशावाद÷अस्तित्ववादको सञ्चार गर्ने महत्त्वपूर्ण अन्तःप्रेरणा मान्न सकिन्छ । क्युरी र लालेजस्ता कुल्लीहरू निस्सारता (अभाव, अपूर्णता, व्यर्थता) भित्रै आफ्नो अस्तित्व खोज्न प्रयत्नशील छन् र तिनीहरूलाई आफ्ना आवाजको प्रतिनिधिका रूपमा प्रयोग गरी रमेशले क्रान्तिलाई सम्भाव्य बनाउने सपना देखिरहन्छ । तसर्थ प्रस्तुत उपन्यासमा पारिजात समाज, क्रान्ति, मुक्तिसपना आदिका सन्दर्भमा चयन र वरणगत अस्तित्ववादी र उच्च आशावादी देखिन्छिन् ।

## समकालीनताबोध

उपन्यासकारले आफू बाँचेको समाज, परिवेश, परिस्थिति, राजनीतिक–सामाजिक अन्तरसम्बन्ध, मान्छेका जीवनदर्शन, विवशता, बाध्यता, समस्या र त्यसका कारकतत्त्वको सूक्ष्म चित्रण आफ्ना उपन्यासमा गरेको हुन्छ । यसैलाई समकालीनताबोध वा युगबोध भनिन्छ । पर्खालभित्र र बाहिर उपन्यासमा पारिजातको समकालीनताबोध वा युगबोध यथार्थपरक ढङ्गले प्रकट भएको छ । यस उपन्यासको लेखनगत समय वि.सं. २०३० को पूर्वार्ध हो । यस अवधिमा नेपालमा पञ्चायती शासन व्यवस्था चरम अवस्थामा थियो । जनताका मौलिक हक र अधिकारहरूमा बन्देज लगाइएको अवस्था थियो । वाक्स्वतन्त्रतामा प्रतिबन्ध लगाइएको परिप्रेक्ष्य, तीव्र शोषण, दमन र उत्पीडनबाट शासनसत्ता बचाइरहने प्रवृत्तिको बोलवाला थियो । आततायी पञ्चायती व्यवस्थाका विरुद्ध जनताले स्वच्छन्द रूपमा आवाज उठाएमा जेलभित्र कोच्ने र त्यहीँ तिनको इहलीला समाप्त गर्ने परिस्थिति त्यतिबेला व्याप्त थियो । उपन्यासको क्रान्तिकारी पात्र ज्वालालाई जेलभित्रै मारेर 'अकस्मात् हृदयगति बन्द भएको' भन्ने कुप्रचार गरिएबाट यस कुराको पुष्टि हुन्छ । श्रमजीवी जनसमुदायका रगत पसिनाले ठुलाठुला महल, भवन र चिल्ला सडक बनेका हुन्छन् तर त्यत्रो श्रम गर्ने तिनीहरू भोकभोकै र नाङ्गानाङ्गै हुन अभिशप्त हुन्छन् । यो तत्कालीन र वर्तमान अवस्थाको समेत एउटा अकाट्य सत्य हो ।

विश्लेष्य उपन्यासले मूलतः काठमाडौँको परिवेशलाई समेटेको छ । उपन्यास लेख्दा काठमाडौँमा भर्खर चक्रपथको निर्माण हुँदै थियो । त्यस दृश्यलाई उपन्यासमा निकै प्रभावकारी र यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ । चक्रपथ निर्माणमा लागेका कुल्लीहरूलाई ठेकेदार, ओभरसियर र हाकिमले ठग्ने र तिनका श्रमका मूल्यमा मोजमस्ती गर्नेजस्ता सत्यतालाई यस उपन्यासका पात्रहरू रमेश (म पात्र), लाले, क्युरी आदि हजारौँ मजदुरलाई उचित ज्याला नदिएर तथा तिनले उचित ज्याला माग्दा गुन्डा लगाएर पिट्नेदेखि प्रहरी लगाएर गिरफ्तार गर्ने र जेलमा कोची तिनको आवाज बन्द गर्ने वस्तुयथार्थलाई यस उपन्यासले प्रभावकारी रूपमा प्रस्तुत गरेको छ । आफूमाथि भएका शोषणको खुलेर विरोध गर्दा चरम यातना दिने, पुलिस बोलाएर धरपकट गरी थुन्ने, गरिबका जीवन अधिकारमाथि अपमान गर्ने, झुट्ठा मुद्दा लगाएर कहिल्यै उन्मुक्ति नपाउने गरी फसाउने जस्ता अन्यायको पर्दाफास यस उपन्यासमा गरिएको छ ।

पढेको व्यक्तिले जागिर नपाउने, जागिर पाउनका लागि सोर्सफोर्स चाहिनेजस्ता तत्कालीन परिवेश–परिस्थितिको वास्तविक चित्र यस उपन्यासले उतारेको छ । त्यतिबेला काठमाडौँ लगायत देशभरि नै त्यस्तै अवस्था थियो र आमजनताले बाध्य भएर पञ्चायती शासन व्यवस्थालाई स्वीकार गर्न बाध्य थिए भने केही जागरुक र सचेत युवाहरूले त्यसको खुलेआम विरोध गर्दा ज्वाला र रमेशजस्तै लामो समयसम्म जेलमा दुःख र चरम यातना पाएर बस्न बाध्य थिए । राजनीतिक दलमाथि प्रतिबन्ध थियो । उनीहरूले भूमिगत रूपमा पञ्चायती व्यवस्थाका विरुद्ध आवाज उठाए भने तिनका सुराकीका रूपमा हरेक पार्टीभित्र क्रान्तिकारीको छद्म भेषमा रहेका सुविधाभोगी विश्वासघातीहरूले पोल लगाइदिन्थे र विशेषगरी क्रान्तिका अग्रमोर्चामा खटिने कार्यकर्ता पक्राउ पर्थे । यसरी जनताका मौलिक अधिकारमाथि ठिङ्गुरा लगाइएको नेपालका इतिहासको एउटा वास्तविक कालखण्डलाई यस उपन्यासले परिवेशका रूपमा चित्रण गरेको छ र यो उपन्यासकार स्वयम्ले पनि देखेभोगेको समय र परिस्थिति हो । साहित्यका माध्यमबाट विचारको निर्भीक र स्पष्ट अभिव्यक्तिका कारण पारिजातले पनि बारम्बार पञ्चायती व्यवस्थाको वक्रदृष्टि सहनुपरेको थियो । यस सन्दर्भलाई उपन्यासमा पात्रका संवादका माध्यमबाट यसरी प्रतिविम्बन गरिएको छ— "मौन बस्ने साथीले अंग्रेजीमा भन्छ, 'अलि बिस्तारै बोल, छेवैको मान्छे संदिग्ध जस्तो छ । आजभोलि यस्ता एक सुके सी.आई.डी.हरू छ्याप्छ्याप्ती पाइन्छन्'" (पारिजात, २०७१, पृ. ९२) । यस अंशले पञ्चायती शासनका विरुद्ध भित्रभित्रै विरोधको आगो दन्किरहेको र त्यसलाई दमन गर्न पञ्चायती व्यवस्थाले अनेक भेषमा सुराकीहरू फिँजाएको ऐतिहासिक यथार्थलाई प्रस्तुत गरिएको छ ।

गरिबीका अनन्त पीडा, सकस र विवशताहरू, राज्यसत्ताको गरिबप्रतिको असम्पृक्तता, त्यसले ल्याएको चरम निराशा र विद्रोहको स्वर नै तत्कालीन समाज र राजनीतिको यथार्थता हो । उपन्यासकार पारिजातले यस उपन्यासमा आफू बाँचेका समाजको सामाजिक, राजनीतिक आदि सकल चित्र प्रस्तुत गरेकी छन् । तसर्थ यस उपन्यासमा पारिजात

समकालीनतालाई सुन्दर क्यान्भासमा सजाएर औपन्यासिक रूप प्रदान गर्न सक्ने युगबोधी उपन्यासकार बन्न सफल भएकी छन् ।

## सन्तुलित नारीचेतना

विश्लेष्य उपन्यासमा पारिजातको मौलिक नारीचेतना प्रस्तुत भएको छ । यो न त पश्चिमा उत्तरे एवं उग्र नारीवादीहरूले भनेजस्तो छ, न त नेपालकै उत्तरेहरूका अनुयायी कथित नारीवादीले भनेजस्तो छ । यसमा व्यक्त नारीवादी चेतनाका प्रतिनिधि पात्रका रूपमा बाटुली र रमेश (श्रीमान्–श्रीमती) देखिन्छन् । जीवनका विसङ्गतिहरूमा बेसरी पिल्सिएर हिँडेकी, गरिब परिवारमा सानीआमाको शासनमा हुर्किएकी, घरधन्दा सकेपछि लुकीचोरी थोरै अक्षरज्ञान लिएकी, माया लगाएको अल्लारेले छलेर भागेपछि बाबुआमाको ऋण चुकाउन नरुचेको मान्छेसँग बिहे गर्न बाध्य भएकी, तुरुन्तै पतिका मृत्युले विधवा भएकी, बाटुलो अनुहार भएकी, भौतारिँदै अएकी एउटी अभिशप्त केटीलाई रमेशका कोठामा आउँदा स्नातक गरेको तथा ट्युसन पढाएर आधा पेट खाइरहेको तथा क्रान्तिलाई समर्थन गर्ने रमेश (म पात्र) ले उसका समस्या र एक्लोपन देखेर उसका इच्छाको सम्मान गर्दै बिहे गर्नु नै यस उपन्यासमा नारीप्रति देखाइएको उच्च सम्मानको नमुना हो ।

दिशाहीन र आफन्तहीन विधवा बाटुलीलाई समाजबाट जोगाउने तथा दैनिक छाक टार्ने उसको समस्यालाई देखेर बिहे गरेकाले नै नारीप्रति उसले सम्मान देखाएको ठानिएको हो । परिवारबाट परित्यक्त र माइतबाट पनि हेलाँ गरेर निकालिएजस्तै भएकी तथा घर र सानीआमाको कडा शासन सहन नसकेर भौतारिएकी त्यस विधवा युवतीलाई रमेशले बिहे गर्नुको एउटा विशिष्ट कारण छ । उसले समाजमा अनेक प्रकारका नारीहरू देखेको छ । उसले बाटुलीका विवशता र बजारमा चलेका नारीवादी आन्दोलनको तुलना गर्दछ र एउटी सुधी तथा सरल केटी बाटुलीलाई जिपमा चढेर चुनावको नारा लगाउने भाडाका सुन्दरीहरू, घोकेको भाषण गर्ने कथित नारीहरू, सुनको चेन र रेशमी सारीमा सजिएर गोष्ठीमा नारीमाथि भएका अत्याचारका कविता पाठ गर्ने एवं राजनीतिका नाउँमा जीवनका विलास लुट्ने कैयौं महिलाहरूभन्दा उच्च कोटिकी देख्छ । यो स्वयम् उपन्यासकारको नारीप्रति हेर्ने नवीन र मौलिक चेतनाको परिचायक हो ।

रमेश पक्राउ परेपछि एघार वर्षसम्म पाटीमा बास बस्दा अनेक हन्डर खाएर भए पनि उसलाई भेट्न आउने र रगत पसिना एक गरेर कमाएको थोरै भए पनि रकम ल्याइदिने बाटुली साँच्चिकै इमानदार र धैर्यवान् नारी हो । एघार वर्षपछि रमेश जेलबाट बाहिर आउँदा उसको विवशतालाई सम्मान गर्दै श्रम गरेर उसलाई पाल्ने साहस गर्ने बाटुली साँच्चै आदर्श नारीचेतनाकी प्रतिमूर्ति देखिन्छे । यस्तो आदर्श परम्परागत 'पतिलाई परमेश्वर ठान्ने' टाइपको नभएर सहकार्य र समान सहभागितामा आधारित रहेको देखिन्छ । वास्तवमा भाषण र कवितामा पुरुषलाई लाञ्छित गरेर आफूलाई शोषित ठान्ने र गोप्य कोठामा एउटा धनाढ्य तथा शक्तिशाली मान्छेसँग शरीर साटेर सम्पन्न ठान्ने कथित नारीवादीभन्दा बाटुलीको नारीचेतना धेरै उच्च र विशिष्ट छ । उसमा यस प्रकारको चेतना र उदारताको विकासका लागि रमेशले पनि कम्ती योगदान गरेको छैन । एउटी अति सामान्य विधवालाई सम्मान दिएर आफू समानको इज्जत र प्रतिष्ठा दिने प्रयत्न गर्नु तथा त्यसलाई साँचेर–सम्हालेर राखिरहनु रमेश र बाटुली दुबैको एकअर्काप्रतिको आपसी सम्मान र प्रतिष्ठाको उपज हो । आफू जेलमा परेपछि एघार वर्षसम्म पाटीमा एक्लै कष्टसाध्य जीवन बिताउन बाध्य भएकी बाटुलीलाई रमेशले पहिलेभन्दा अझ धेरै माया र सम्मान दिनु पनि उसमा निहित नारीचेतनाको परिचायक हो । भर्खर विवाह गरेपछि आफ्नै साथीले पोल लगाइदिएकाले जेल परेको रमेशलाई पर्खेरै बाटुलीले जीवनका एघार वर्ष बिताएकी छ । एउटा जीर्ण शरीर लिएर जेलबाट निस्किएको उसलाई बाटुलीले पहिलेभन्दा बढी माया र सम्मान दिन सक्षम भएकी छ । यसरी एकले अर्कालाई माया, विश्वास र सम्मान दिँदा कोही शासित हुनु नपर्ने र कसैको शासनको एकाधिकारका विरुद्ध कसैले आन्दोलन गर्नु नपर्ने सन्देश रमेश र बाटुलीका सन्दर्भबाट उपन्यासकार पारिजातले दिन खोजेकी छन् ।

बाटुली एउटी सामान्य नारी हो । नारीहरू स्वाभाविक रूपमा सपनाप्रिय हुन्छन् । बाटुलीका सपना सामान्य छन्— "त्यस्तो विधि त केही छैन, भए एउटा सानो छाप्रो होस्, सानो टुक्रा बारी माटो खेल्नलाई अनि भए एउटा दुईवटा छोराछोरी चकचक गरिरहेका" (पारिजात, २०७३, पृ. ८३) । बाटुलीको यस अभिव्यक्तिले यस्तो नभए पनि उसलाई कुनै फरक पर्दैन भन्ने कुरा पनि बोध गराउँछ । उसमा पनि रमेशमा जस्तै श्रमप्रति सम्मानभाव विद्यमान छ भन्ने कुरा माटो खेल्नका लागि सानो टुक्रा बारीको चाहना गरेबाट साथै रमेश जेलबाट निस्केपछि दिनभरि काम गरेरै भए पनि उसलाई पाल्ने आँट गरेबाट प्रस्ट हुन्छ । समाजमा अन्य नारीहरूले जस्तै उसले पनि पैसावाल र शक्तिवाल पुरुषहरूलाई आफ्नो शरीर बेचेर ठुलाठुला सपना देख्न सक्थी तर उसले त्यस्ता सपना देख्न चाहन्न । ठुलाबडाका खेलौना बनेर नारीवादको नाटक गरिरहेका कैयौँ समकालीन नारीहरूका निमित्त त्यसकारण बाटुली एउटा गतिलो झापड बनेर उपन्यासमा देखिएकी छ ।

बाटुलीका नारीसुलभ सपनाभित्र उसको इज्जत, आत्मसम्मान र आत्मस्वाभिमान स्पष्ट रूपमा झल्किएको छ । आफ्ना सक्षमता र हैसियत अनुसार सपना देख्ने साँच्चिकै नमुनायोग्य नारीका रूपमा बाटुली यस उपन्यासमा देखिन्छे । उसका सपनाहरूप्रति सम्मान देखाउँदै रमेशले बाटुलीलाई आश्वस्त पारेको छ— "तिमीलाई थिचोमिचो गर्ने मान्छे नभए, तिम्रो मेहनतलाई दुई हातले लुट्नेहरू नभए तिम्रा स–साना रहरहरू पुरा हुन कति दिन लाग्छ र ? कहाँ भागेका छन् र तिम्रा सपनाहरू ? एउटा सानो छाप्रो र माटो खेलाउनलाई एक टुक्रा जमिन तिमी यही जुनीमा पाउँछ्यौ बाटुली... !" (पारिजात, २०७३, पृ. ८४) । यसरी रमेश बाटुलीलाई सम्मान, न्याय र अधिकारयुक्त जीवन दिन चाहन्छ । यसबाट नै उसमा नारीप्रतिको सम्मानभाव तथा मौलिक नारीचेतना विद्यमान भएको देखिन्छ । यसरी पुरुषको एकल हैकम र नारी शोषित भएर बस्नुपर्ने तथा आन्तरिक रूपमा आफ्नै सत्ता हुँदाहुँदै पनि कथित नारीसत्ताको स्थापनाका लागि पुरुष हैकमका विरुद्ध नारीले गरेको देखावटी विद्रोह र आन्दोलनले समाजलाई गतिशील होइन, छिन्नभिन्न बनाउँछ । समाजमा लड्नुपर्ने मूल समस्या लैङ्गिक नभएर वर्गीय हो र त्यसका लागि नारी–पुरुषका बिचमा एकआपसमा सम्मान, सद्भाव र विश्वास निर्माण हुनुपर्दछ भन्ने सद्भावपूर्ण नारीचेतना नै पर्खालभित्र र बाहिरकी पारिजातको सन्तुलित नारीचेतना हो जुन नेपाली नारीवादको मौलिक वैचारिकता हो ।

## निष्कर्ष

पारिजात विसङ्गतिवादी शून्यवादी उपन्यास शिरीषको फूल (२०२२) प्रकाशित गरेर नेपाली उपन्यासका क्षेत्रमा सशक्त रूपले प्रवेश गरी त्यसैबाट स्थापित भएकी नारी स्रष्टा हुन् । विसङ्गतिवादी शून्यवादी प्रवृत्तिका अतिरिक्त अस्तित्ववादी मनोविश्लेषणवादी, प्रगतिवादी, नारीवादी आदि मूल प्रवृत्तिमा केन्द्रित दशओटा उपन्यास कृति प्रकाशित छन् । यिनै उपन्यास कृतिका माध्यमबाट उनले सङ्ख्यात्मक तथा गुणात्मक रूपमा नेपाली उपन्यास भण्डारलाई समृद्ध पारेकी छन् । प्रतिकूल शारीरिक अवस्थासँग सङ्घर्ष गर्दै नेपाली साहित्यका बहुमुखी विधामा सशक्त सिर्जना प्रस्तुत गर्ने पारिजात गतिशील नेपाली नारी स्रष्टा हुन् । उपन्यास विधाका दशओटा कृतिका अतिरिक्त कथा, कविता, नाटक, संस्मरण, निबन्ध आदि विधाका कृतिमा प्रस्तुत वैचारिक तथा शिल्पचेतनाले उनलाई सर्वोच्च नेपाली नारी प्रतिभाका रूपमा स्थापित गरेको छ । पर्खालभित्र र बाहिर उपन्यास उनका उच्चतम वैचारिक र शिल्पचेतनाको परिणति हो । पञ्चायतकालीन पृष्ठभूमिमा लेखिएको यस उपन्यासमा तत्कालीन सामाजिक राजनीतिक परिप्रेक्ष्यको सुन्दर चित्र प्रस्तुत गरिएको छ । यस उपन्यासमा पारिजातका प्रायः सबैजसो प्रवृत्तिहरूको सङ्केन्द्रण भए पनि प्रगतिवादी चेतना यसको केन्द्रीय प्रवृत्ति हो । वर्गमा विभक्त समाजमा निम्नवर्गीय श्रमिकमाथि उच्चवर्गले गरेको शोषण र थिचोमिचो तथा राजनीतिक क्रान्तिका अभियन्तामाथि

सत्तापक्षको चरम दमन र अत्याचारलाई यस उपन्यासले निकै प्रभावकारी ढङ्गले प्रस्तुत गरेको छ । व्यवस्थाका विरुद्ध क्रान्तिको मोर्चामा होमिएका क्रान्तिकारीहरू आस्थाका बन्दीका रूपमा पर्खालभित्र पर्न बाध्य भएपछि तिनीहरूका आशा–निराशा, जीवनानुभूति, विद्रोह र त्यसको चरम दमनका साथै पर्खालबाहिर निस्केपछिका विवशता, आफ्नै सहयोद्धाका स्वार्थ र विश्वासघातका कारण क्रान्तिप्रतिको अनिश्चितता, वर्गचेत, वर्गद्वन्द्व, निम्नवर्गप्रतिको समर्थन र शोषकवर्गको विरोध, श्रमशक्तिको एकता र त्यसैका बलमा शोषणरहित समाज र राजनीतिक व्यवस्थाको निर्माण र आममजदुरको मुक्तिका अनेक कथ्य सन्दर्भहरू यस उपन्यासमा आएका छन् । त्यसैले इतिहासका निर्माता आमजनसमुदाय हुन् भन्ने ऐतिहासिक भौतिकवादी विचारधाराका अतिरिक्त वर्गचेत, वर्गद्वन्द्व र निम्नवर्गप्रतिको लेखकीय पक्षधरता र शोषकवर्गको तीव्र विरोध, श्रमशक्तिको उच्च सम्मान र मौलिक नारीचेतनाको अभिव्यक्तिजस्ता अन्तर्वस्तुगत वैचारिकता यस उपन्यासमा देखिन्छन् । यस्ता कथ्यसन्दर्भ तथा वैचारिक प्रवृत्तिले पारिजातलाई ऐतिहासिक भौतिकवादी, नक्कली क्रान्ति र नक्कली क्रान्तिकारीविरोधी, शोषणका विरुद्ध विद्रोही, वर्गचेत र निम्नवर्गप्रतिका पक्षधर, टिकाउ क्रान्तिचेतनायुक्त, अस्तित्ववादी, समकालीनताबोधी, सन्तुलित नारीचेत जस्ता बहुविध पहिचानयुक्त स्रष्टाका रूपमा स्थापित गराएका छन् । त्यसैले उनी तत्कालीन र समकालीन सन्दर्भमा समेत निरन्तर क्रान्तिप्रतिको एउटा सशक्त आशा सञ्चार गर्ने गतिशील चेतनाकी बाहकका रूपमा नेपाली साहित्याकाशमा चम्किरहन सफल भएकी छन् ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, बालाकृष्ण (फागुन, २०६४). ''पारिजातको जीवनी, व्यक्तित्व र कृतित्व''. गरिमा. २४ (३/२७९), पृ. ६५–७५ ।

आफनास्येभ, भिक्टर (२०६३). दर्शनशास्त्रको प्रारभिक ज्ञान (दोस्रो संस्क.). काठमाडौँ : एसिया पब्लिकेसन्स ।

घिमिरे, कृष्णप्रसाद र ज्ञवाली, रामप्रसाद (२०५८). आख्यानकार पारिजात. काठमाडौँ : हजुरको पुस्तक संसार ।

चापागाईं, निनु र सङ्ग्रौला, खगेन्द्र (सम्पा.) (२०५१). पारिजात स्मृतिग्रन्थ. काठमाडौँ : पारिजात स्मृति केन्द्र ।

त्रिपाठी, वासुदेव (२०४९). पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २ (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

पारिजात (२०७३). पर्खालभित्र र बाहिर. काठमाडौँ : फिनिक्स बुक्स ।

पोखरेल, डी.आर. (२०६२). पारिजातको साहित्यिक मूल्याङ्कन. काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन्स ।

पौडेल, शरद (२०५१). ''पारिजात : पर्खालभित्र र बाहिर''. पारिजात स्मृति ग्रन्थ. काठमाडौँ : पारिजात स्मृति केन्द्र, पृ. १५३–१६१ ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६). उपन्यास सिद्धान्त र नेपाली उपन्यास (तेस्रो संस्क.). ललितपुर : साझा प्रकाशन ।

शर्मा, सुकुम (२०६२). पारिजातका कविताको अध्ययन. काठमाडौँ : सनलाइट पब्लिकेसन ।

श्रेष्ठ, कृष्णदास (२०६०). ऐतिहासिक भौतिकवाद. काठमाडौँ : जनसाहित्य प्रकाशन केन्द्र ।

सुवेदी, राजेन्द्र (२०५३). सृजनविधाका परिधिमा पारिजात. काठमाडौँ : भूमिका प्रकाशन ।